मधेश प्रदेश सरकार
# श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा (नेपाल)

फोन नं.:
E-mail:info.molt@madhesh.gov.
Website: molt.madhesh.gov.np

मधेश प्रदेश सरकार श्रम तथा यातायात मन्त्रालय जनकपुरधाम, धनुषा, नेपाल

<u>प्रथम पटक प्रकाशित मिति २०८१/१२/१७</u>

## तालिम प्रदायक संस्था छनौट सम्बन्धि सार्वजनिक सूचना

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत विभिन्न विषय क्षेत्रमा युवाहरुका लागि रोजगारमूलक सिप विकास तालिम कार्यक्रम संचालन गर्नु पर्ने भएकोले तोकिएको न्युनतम योग्यता पुगेका इच्छुक तालिम प्रदायक संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा निवेदन पेश गर्नु हुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

<u>देहायः</u>

| क्र.सं. | तालिमको बिषय |
|---|---|
| १. | हाउस किपिङ्ग |
| २. | कुक |
| ३. | मिथिला आर्ट |
| ४. | कम्प्युटर हार्डवेयर |
| ५. | मस्यौरा |
| ६. | ब्युटिसियन |
| ७. | बुटिक सहित लहङ्गा |
| ८. | मुढा बनाउने |
| ९. | सिलाई कटाई |

१. <u>सेवा प्रदायक संस्थाको न्यूनतम योग्यता र ग्राहयताः-</u>

क. कम्पनी रजिष्टारको कार्यालय वा घरेलु कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको ।

ख. मूल्य अभिबृद्धि करमा दर्ता भएको ।

ग. अघिल्ला आर्थिक बर्ष सम्मको कर चुक्ता भएको (खरिद नियमाबली अनुसार कर चुक्ता प्रमाण पत्र लिन वा कर विवरण पेश गरेको प्रमाण लिन समय प्रदान गरेको भएमा सोहि अनुसारको अवधि) ।

घ. प्रस्तावित तालिम मोडलसँग मेल खाने तालिम प्रदान गरेको अनुभव झल्कने प्रमाण पत्र भएको ।

ङ. सिटिईभिटीबाट सम्बन्धित बिषयको तालिम संचालन गर्न सम्बन्धन लिएको र नविकरण भएको ।

च. परिपक्वताको लागि कम्तिमा तिन बर्षको समयावधि पूरा गरेको ।

छ. अन्तिम दुई बर्षको बार्षिक आर्थिक कारोबार रु. २० लाख भन्दा बढि रहेको ।

ज. विगत तिन बर्ष देखि मधेश प्रदेश भित्र मुख्य कार्यालय वा सम्पर्क कार्यालय निरन्तर रहेको ।

२. <u>भुक्तानी सम्बन्धी प्रकृया प्रचलित कानूनका अतिरिक्त देहाय अनुसार हुनेछनः-</u>

क. वार्ता सफल भए पश्चात कार्यसम्पादन सम्झौता गरे पछि स्वीकृत रकमको ५० प्रतिशत सुरुमा भुक्तानी गरि सोको ५० प्रतिशत रकम धरौटी खातामा राखिने छ ।

ख. बाँकी ५० प्रतिशत रकम तालिम सम्पन्न भए पश्चात अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी गरिने छ ।

ग. तालिम कार्यक्रम सम्पन्न भएको ६ महिना पछि सेवा प्रदायकले धरौटी वापतको रकम फिर्ता माग गर्दा देहायका प्रमाण संलग्न राखि निवेदन दिनुपर्नेछ ।

- सिप परिक्षण हुने तालिमका सन्दर्भमा प्रशिक्षार्थीहरु मध्ये कम्तिमा ५० प्रतिशत प्रशिक्षार्थीहरुले प्राप्त गरेको सिप परिक्षण उतिर्ण गरेको प्रमाणपत्र ।
- सफल प्रशिक्षार्थी मध्ये कम्तिमा ३० प्रतिशत प्रशिक्षार्थीहरुले स्वरोजगार वा रोजगारी प्राप्त गरी आयआर्जन गरिरहेको प्रमाण ।

**धन्यवाद !!**

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल